'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : १२५ मंगलवार १६ पुष, २०८१ 31 (Tuesday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### बाँके प्रहरीको चालु आवको पाँच महिनाको सफलता

## बाँके प्रहरीद्वारा पाँच महिनामा २३० जना फरार प्रतिवादी पक्राउ

■ नमस्ते समचारदाता
बाँके, पुष/१५




बाँके प्रहरीले पाँच महिनाको अवधिमा २ सय ३० जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ। चालू आर्थिक वर्षको साउन महिना देखि मंसिर महिनासम्म अदालतबाट दोषी ठहर भई सजाय भुक्तान नगरी फरार रहेका २ सय ३० जनालाई पक्राउ गरिएको बाँकेका प्रहरी प्रवक्ता डिएसपी आयुस जोशीले जानकारी गराएका हुन। उनीहरुबाट ६६ वर्ष २७ दिन कैद असुल गरिएको पनि उनले बताए । यस्तै १९ लाख १९ हजार ७ सय ४७ रुपैयाँ जरिवाना समेत असूलउपर गरिएको डिएसपी जोशीले बताए । यो अवधिमा विभिन्न खाले ५ सय ९५ वटा मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको छन्। ५ सय ६७ जना व्यक्तिहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याईएको पनि प्रहरीको तथ्यांकमा उल्लेख गरिएको छ। सर्दै आएका १ सय ७० वटा मुद्दाहरु फर्छौट गरिएको छ । डिएसपी जोशीले भने, 'ठाडो उजुरी १ हजार ८ सय ९८ वटा प्राप्त भएको थिए । त्यसमा १ हजार ५ सय ६२ फर्छौट भएका छन्। २ सय ६० वटा बाँकी निवेदन फर्छौट प्रक्रियामा छन् ।' महिला बालबालिकासँग सम्बन्धित मात्रै ५९ वटा मुद्दा दर्ता भएका छन् । त्यसमा २६ जनालाई पक्राउ गरी कानूनी दायरामा ल्याईएको उनले बताए । घरेलु हिंसा सम्बन्धी २ सय ९४ वटा उजुरी प्राप्त भएकोमा २ सय ७६ वटा फर्छौट भएको बाँकी अनुसन्धान कारवाही प्रक्रियामा रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ । हराएका महिला, बालबालिका तथा जेष्ठ नागरीक सम्बन्धमा १ सय ८४ वटा निवेदन प्राप्त भएकोमा १ सय ११ जना फेला पारी अविभावकको जिम्मा लगाईएको र बाँकी खोजतलासको क्रममा रहेका छन् । अलपत्र अवस्थामा ५८ जना महिला बालबालिका तथा जेष्ठ नागरिकलाई फेला पारी उद्दार गरिएको र ३७ जनालाई संरक्षणको लागि संस्थामा पठाइएको प्रहरीको तथ्यांकमा उल्लेख छ । यस्तै सीमा नाकाहरुबाट २ सय ८३ जना महिला तथा बालबालिकाहरुलाई उद्दार गरिएको छ । प्रहरीले यो अवधिमा लागु औषध विरुद्ध पनि प्रभावकारी काम गरेको उल्लेख गरेको छ । पाँच महिनाको अवधिमा १ सय ३६ जना लागु पदार्थ ओसारपसारमा संलग्न भएकाहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याइएको उनले बताए। 'लागू औषध ओसारपसार बिरुद्ध योजनावद्धरुपमा प्रहरी परिचालन गरी ८ सय ७१ ग्राम ८५ मिलिग्राम ब्राउन सुगर, नाइट्राजेपाम १ हजार ६०८ ट्याब्लेट, ट्रामाडोल १ हजार २ सय १८ ट्याब्लेट लागू औषध बरामद गरिएको छ। उनले भने, '१ सय ३६ जना ओसारपसारकर्ताहरुलाई कानूनी दायरामा ल्याईएको छ।' प्रहरीले गैरकानूनी रुपमा भइरहेका सुनचाँदीको कारोवारदेखि हुण्डी कारोवारीलाई पनि नियन्त्रणमा लिएको छ । अवैध सुन चाँदी सहित ४ जना मानिसहरु पक्राउ गरि कानूनी दायरामा ल्याईएको जानकारी दिँदै उनले नेपाली ४०लाख १० हजार २ सय ५५ रुपैयाँ र भारतिय ५९ हजार ५ सय रुपैयाँ सहित ७ जना हुण्डी कारोबारीलाई पक्राउ गरि कानूनी दायरामा ल्याईएको जानकारी दिए।

बाँकी ३ पेजमा...

## तराईमा शीतलहर : स्थानीय सरकार बेखबर जस्तै

■ नमस्ते समचारदाता
बाँके, पुष/१५



सोमबार बिहानै देखि बाँकेको कोहलपुर, नेपालगञ्ज, बर्दिया, कैलाली, कञ्चनपुर लगायत तराईका जिल्लाहरुमा शीतलहर चल्न थालेपछि चिसो बढेको छ। शीतलहरका कारण जनजीवन समेत प्रभावित बनेको छ । चिसोबाट सबैभन्दा बढी आर्थिक अवस्था कमजोर भएका विपन्न परिवार प्रभावित बनेका छन् । उनीहरू आगो बालेर चिसो छल्ने गरेका छन् । तर विपन्न परिवारलाई शीतलहर र चिसोबाट जोगाउन सरोकारवाला निकायको पूर्वतयारी कमजोर देखिएको छ । स्थानीय सरकारहरु पूर्व तयारी गर्दैनन् । आपत विपत परेपछि पनि सरकारको ध्यान समयमा पुग्न सक्दैन । स्थानीयहरुको गुनासो छ । अधिकांश विपन्न परिवार दैनिक मजदुरी गरी घर व्यवहार चलाउँदै आएका छन् । त्यसमा पनि अशक्त र असहायको अवस्था कहालीलाग्दो छ । विगतमा शीतलहरका बेला चिसोले कठ्याग्रिएर मानिसको मृत्युसमेत भएको छ । बाँकेको डुडुवा गाउँपालिका-२ का स्वामी यादवले शीतलहरका बेला न्यानो ओढ्ने ओछ्याउने लत्ताकपडा, तातो र पोषिलो खानाको अभावमा विपन्न समुदायको जनजीवन कष्टपूर्ण बनेको बताए । विपन्न परिवारलाई चिसोबाट जोगाउन यस वर्ष कुनै पनि निकायबाट राहत प्राप्त नभएको उनले जानकारी दिए। उनले भने, ' अहिले जाडो छ। कसैले केही गरिदिदैनन्। जाडो गएपछि राहत दिएर के काम ? विपन्न परिवार अहिले समस्यामा छन् । जाडोको समयमा परालको आगो ताप्छन तर कसैले दाउरा समेत उपलब्ध गराउँदैनन ।' सोही ठाउँका रामभरोसेले जाडोमा आफूहरुले परालको आगो ताप्ने गरेपनि दाउरा कतैबाट उपलब्ध नभएको बताए। मानिसको ज्यानै जान थालेपछि मात्र यहाँ राहत लिएर जाने प्रवृति छ। यस्ता घटना हुनुअघि नै तीनै तहका सरकार समन्वय गरी विपन्नको जीवन रक्षाका लागि समयमै कार्यक्रम ल्याउनुपर्ने उनको भनाइ छ । चिसोयाम शुरु हुनै लाग्दा स्थानीय सरकारले नागरिकको जीवन रक्षाका लागि आगो ताप्ने व्यवस्था गर्नुपर्नेमा डुडुवाका प्रमुख नरेन्द्र चौधरीले कुनै वास्ता नगरेको भन्दै डुडुवा गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष मोहनराम मिश्रले रोष व्यक्त गरे । घरघरमा दाउरा वितरण नगरे पनि चौकचौकमा आगो बाल्ने व्यवस्था गरिदिए स्थानीयलाई राहत हुने उनले बताए । जाडोको चपेटामा सबैभन्दा बढी विपन्न परिवार पर्ने गरेको भन्दै वडाध्यक्ष मिश्रले त्यस्ता नागरिकलाई न्यानो कपडाको व्यवस्था गरिदिए उनीहरुलाई जीविका चलाउन अलि सहज हुने जिकिर गरे ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## महिला फुटबल समितिको अध्यक्षमा नितु शाह

■ नमस्ते समचारदाता
नेपालगन्ज, पुष/१५



नितु शाह चन्दको अध्यक्षतामा बाँके जिल्ला महिला फुटबल समिति गठन गरिएको छ । सोमबार बाँके जिल्ला फुटबल संघको बैठकले नितुको नेतृत्वमा महिला फुटबल समिति गठन गरेको हो । समितिको वरिष्ठ उपाध्यक्षमा पुर्व फुटबल खेलाडी नागिन देवी श्रेष्ठ र महासचिवमा सुमित्रा लामिछानेलाई मनोनित गरिएको अखिल नेपाल फुटबल संघका केन्द्रिय सदस्य एवम् बाँके जिल्ला फुटबल संघका अध्यक्ष भोजराज शाहीले जानकारी गराए । महिला फुटबलको विकासको लागि काम गर्ने उद्देश्यले महिला समिति गठन गरिएको शाहीले जनाए । शाहीले भने, 'बाँकेमा महिला फुटबलको इतिहास गर्विलो छ । यहाँबाट उत्पादन भएका खेलाडीले राष्ट्रिय टिमको समेत नेतृत्व गर्ने अवसर पाएका छन् । तर पछिल्लो समय महिला खेलाडीहरुले धैरै अवसर पाउनु भएको छैन । महिला फुटबलको विकासमा समितिलाई सक्रिय बनाउँदै फुटबलको स्तर बढाउने उद्देश्यले समिति गठन गरिएको हो ।' समितिमा अध्यक्षको जिम्मेवारी पाएकी नितु शाह चन्द महिला उद्यमी संघ नेपाल बाँकेको सचिव तथा पुर्व खेलाडी हुन् । वरिष्ठ उपाध्यक्ष नागिन बाँके जिल्ला फुटबल संघको पुर्व उपाध्यक्ष एवम् पुर्व खेलाडी हुन् । महासचिव सुमित्रा पनि यस क्षेत्रको चर्चित खेलाडी हुन् । सुमित्रा र नागिनले तत्कालिन मध्यपश्चिम, भेरी र बाँके जिल्लाको टिमको प्रतिनिधित्व गर्दै फुटबल खेलिसकेका खेलाडीहरु हुन। महिला फुटबल खेलाडीलाई नयाँ अवसर दिलाउँदै फुटबलको विकासमा सक्रिय भएर सामुहिक भावनाले काम गर्ने नितु शाह चन्दले बताइन्। उनले भनिन, 'यो हाम्रो लागि महत्वपुर्ण अवसर हो । यसका लागि बाँके जिल्ला फुटबल संघलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु। फुटबलको विकासमा सबैसँग सहकार्य गरेर नयाँ उपलब्धि हासिल गर्न समितिले योजना बनाएर काम गर्नेछ ।' यसैगरी बाँके जिल्ला फुटबल संघले लुम्बिनी कप महिला फुटबल प्रतियोगिताको लागि टिम तयारी सुरु गर्ने निर्णय गरेको छ । आगामी फागुन १९ देखि २९ गते सम्म नेपालगन्ज रंगशालामा प्रथम लुम्बिनी कप महिला फुटबल प्रतियोगिता हुँदैछ । प्रतियोगितामा नेपाल र भारतका गरी ८ टिमको सहभागिता हुँदैछ । उक्त प्रतियोगितामा बाँके जिल्लाको टिमलाई सहभागी गराउनको लागि तयारी सुरु गर्ने संघले निर्णय गरेको छ ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## नेपालमा दश रुपैयाँ भुक्तानी गर्दा एघार रुपैयाँ कर

एक वर्षअघि २०८० असारसम्मको तथ्यांक अनुसार नेपालमा मोबाइल बैंकिङ प्रयोगकर्ताहरु २ करोड १३ लाख ६३ हजार, मोबाइल वालेटको प्रयोगकर्ताहरु १ करोड ८९ लाख ४१ हजार, इन्टरनेट बैंकिङ प्रयोगकर्ताहरु १८ लाख ५६ हजार ३ सय र कनेक्ट आइपीएस प्रयोगकर्ताहरुः ११ लाख ८ हजार रहेको पाइन्छ। यो तथ्यांकबाटै पुष्टि हुन्छ नेपालमा डिजिटल कारोबारमा नागरिकको आकर्षण बढिरहेको छ । स्मार्ट फोनको प्रयोग र सरकारले डिजिटल भुक्तानीमा गरेको प्रोत्साहनले नै नागरिकको आकर्षण बढेको हो। तर, अहिले सरकारले डिजिटल भुक्तानीलाई बढाउने भन्दा पनि निरुत्साहित गर्ने गरी उल्टो बाटो समातेको छ । साउन १ गतेदेखि भुक्तानी सेवाप्रदायक संस्थाबाट वित्तीय कारोबारमा लिएको सेटलमेन्ट शुल्कमा १३ प्रतिशत भ्याट लिन थालेको छ । क्लियरिङ र सेटलमेन्ट सेवा दिने एनसीएचएल र फोन पे दुबैले १२ प्रतिशतले शुल्क बढाएका छन् । अन्तरबैंक फन्ड ट्रान्सफर गर्दा फोन पेले पहिला १० रूपैयाँ शुल्क लिने गरेकोमा अहिले ११ रूपैयाँ ३० पैसा र एनसिएचएलले पहिले ८ रूपैयाँ शुल्क लिने गरेकामा अब ९ रूपैयाँ ४ पैसा लिन थालिसकेको छ। सरकारले वर्षौंदेखि वित्तीय सेवालाई करको दायरा बाहिर राखेर डिजिटल पेमेन्ट प्रणालीलाई प्रोत्साहन गरिरहेको थियो। तर बजेटमार्फत लगाइएको भ्याटका कारण नागरिक फेरि पुरानै माध्यम अर्थात् नोटको कारोबारमै फर्कनुपर्ने बाध्यतामा छन्। १० रुपैयाँको भुक्तानीका लागि ११ रुपैयाँ ३० रुपैयाँ कसले कर तिर्छ ? सरकारले ०७६/७७ मा 'डिजिटल नेपाल फ्रेमवर्क, २०७६' जारी गर्दै सन् २०२५ सम्म 'डिजिटल नेपाल' बनाउने घोषणा गरेको छ । तर अहिले सरकारले लिएको नीति यो घोषणाको विपरीत छ। सरकारले १०–१५ करोड राजश्वको लोभमा भर्खर विकास हुँदै गरेको डिजिटल बैंकिङ कारोबारमा धक्का लाग्ने गरी नीति लिएको छ । यो नीतिलाई हटाउन सरोकारवाला निकाय नेपाल राष्ट्र बैंकले समेत अर्थमन्त्री विष्णु पौडेललाई आग्रह गरेको छ। शुरुमा यसबारे पुनर्विचार गर्न सकारात्मक देखिएका पौडेल अहिले यो नीतिबारे निर्णयमा पुग्न थप अध्ययनको खाँचो रहेको भनेर टारिरहेका छन् ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट




तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# मुलुक समृद्ध बनाउन युवामा लगानी

खेमराज निरौला

> युवालाई भोट बैङ्क होइन, विकास निर्माणमा सारथि बनाउने नीति तथा कार्यक्रम ल्याउनु पर्छ । युवालाई देश निर्माणको अभियानमा लगाउने कार्यक्रम तिनै तहका सरकारले ल्याउन ढिला गर्नुहुन्न । युवा जनसङ्ख्याका साझा समस्या शिक्षा, स्वास्थ्य, रोजगारी र वातावरणीय मुद्दाको एकमुष्ट सम्बोधन हुने नीति नबनुन्जेल पलायन रोक्न चुनौतीपूर्ण नै देखिन्छ । युवालाई देशमै रोक्न सरकारसाथै निजी क्षेत्रले पनि पहल गर्नु पर्छ ।




वैदेशिक रोजगार विभागका अनुसार मङ्सिर महिनामा मात्र करिब ८४ हजारले अध्ययन र रोजगारीका लागि देश छाडेका छन् । यो हालसम्मकै उच्च संख्या हो । यसले हाम्रो गन्तव्य कता हो भन्ने प्रश्न तेर्स्याएको छ। देशको राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक स्थायित्वमा युवाको भूमिका अहम् हुने गर्छ । यस अर्थमा युवा देश विकासका संवाहक हुन् । राष्ट्रका गहना हुन् । जुन देशले युवामा रहेका असंख्य सम्भावनालाई समयमा चिन्न सक्छ त्यही देश आज सफल र समृद्ध बनेको छ । आज युवामा गरिएको लगानी भोलिको देशको सुनौलो भविष्य निर्माणको आधार बन्न सक्छ। हाम्रो देशका युवाको अवस्था भने बिल्कुलै टिठलाग्दो छ । विद्यालय तहको शिक्षा पूरा गर्दा नगर्दै विदेश पलायन हुने बाध्यताले देश युवाविहीन बन्दै छ । लक्ष्य र गन्तव्य नै विदेश पलायन हुने बढ्दो युवा मानसिकतालाई देशभित्रै सम्भावना छ भन्ने आशा जगाउन जरुरी भइसकेको छ । दैनिक हजारौँको संख्यामा देश छाडेर रोजगारीको खोजिमा बिदेसिनु देशका लागि क्षणिक फाइदा त होला तर दीर्घकालीन रूपमा हेर्ने हो भने पलायन एक गम्भीर समस्याका हो । ऊर्जाशील र सम्भावना बोकेका युवाले आफ्नो देशमा रोजगारीका सम्भावना नदेख्नु कसको कमजोरी हो । कुनै पनि राज्य भनेको अभाव र पीडामा परेका नागरिकको सहारा हो उनीहरूको अभिभावक पनि हो । बेसहारा र उत्पीडितको आशा र भरोसा भनेकै राज्य हो । तिनै होनाहार युवाको राज्यप्रति आशा र भरोसा रहँदैन भने देश कसरी समृद्ध बन्ला ? यो हाम्रो जस्तो देशका लागि चिन्ताको विषय बन्ने गरेको छ । राज्य भनेको सरकार हो । सरकारले नागरिकमा आशा र भरोसा जगाउने काम गर्नु पर्छ । सरकार बदलिँदो विश्व परिवेश अनुरूप रूपान्तरित नहुने र राष्ट्रिय शक्तिका रूपमा रहेका युवाका सरोकारप्रति सजग नबन्दा विद्रोह र असन्तुष्टिका स्वर पनि क्रमशः सक्रयि बन्न थाल्छन् । त्यही असन्तुष्टि र विद्रोह सरकार हुँदै व्यवस्था विरुद्धमा सोभिन थाल्यो भने देशले ठुलो क्षति पनि बेहोर्नुपर्ने हुन्छ । यस्तै असन्तुष्टि र विद्रोहले आजभन्दा ठिक एक वर्षअगाडि इपिएस कोरिया काण्डमा दुई जना निर्दोष युवाले ज्यान गुमाउनु पर्‍यो । यस्तो अवस्था उत्पन्न हुनु भनेको युवाप्रति नेतृत्वको गैरजिम्मेवारीको पराकाष्टाका रूपमा बुझ्न सकिन्छ । देशमा हिजोआज सामाजिक सञ्जालमार्फत होस् वा सार्वजनिक स्थल, सडक, चियापसल वा नितान्तै व्यक्तिगत गफगाफ र छलफलमा पनि विदेश पलायन र जुनसुकै सरकार आए पनि अवस्था नसुध्रिएकोमा आक्रोश चुलिएको छ । जनचाहनालाई समयमै बुझ्न सकिएन र योजना र कार्यक्रम ल्याउन सकिएन भने त्यसले भोलि अप्ठेरो परिस्थिति उत्पन्न गर्ने छ । देशभित्रको हरेक क्षेत्रमा व्याप्त भ्रष्टाचार र अनियमितताले अवस्थालाई प्रतिकूल बनाइरहँदा हरतरहले युवा बाध्य भएर जोखिमयुक्त काममा पनि बिदेसिनु परेको छ । युवा पलायनको गति र विवशता हेर्ने हो भने जनसाङ्ख्यिक लाभबाट वञ्चित हुनुपर्ने अवस्था नआउला भन्न सकिन्न । राज्यप्रति नागरिकको श्रद्धा र आस्था त्यतिबेला सम्म जीवित रहन्छ जबसम्म उसका आधारभूत आवश्यकता पूरा गर्नेतर्फ राज्य सदा संवेदनशील रहन्छ, प्रयत्नशील रहन्छ । शिक्षा स्वास्थ्य र रोजगारीको अवसर महँगो बन्दै जान्छ तब कोही पनि एकै ठाउँमा स्थिर भएर रहन सक्दैन । आश्वासन र प्रतिबद्धताका ठेलीले मात्र जीवन चलाउन कठिन हुने हुँदा देश छोड्न विवश हुनु परेको तितो यथार्थ हो। आजको दुनियाँ सामाजिक सञ्जाल र एआईको पञ्जामा छ । दुःख गरेर जसोतसो उब्जाएको कृषि उपजले बजार नपाउनु, बिचौलियाको पासामा सोझा र निमुखा किसान सिकार बन्ने, भ्रष्टाचार, कमिसन, घुसखोरी एवं नातावाद र कृपावादले समाजको तल्लो तहसम्म नै जरा गाडिसकेको छ। यसैको प्रतिक्रिया हो दैनिक त्रिभुवन विमानस्थलमा मलिन र बोझिलो अनुहारमा लामबद्ध हजारौँ युवाको लाम । आज माथिल्लो घरकाले विदेशबाट यति लाख लिएर आएछ, तल्ला घरकाले उति लाख कमाएछ, उसका छोराबुहारी नै कोरिया जापान गएछन् जस्ता चर्चा र गुणगानले हाम्रा गाउँबस्ती र टोलटोल गुञ्जजयमान भएका छन्। सम्पन्नता, इज्जत र प्रतिष्ठा नै अब पढाइ र डिग्रीमा होइन विदेशमा छ भन्ने भाष्यले जरा गाडिसकेको छ। यो भाष्यलाई परिवर्तन गर्ने ठोस योजनाको खाँचो छ । दण्डहीनता, अविश्वास, राजनीतिक अस्थिरता र नातावाद जस्ता अवाञ्छित गतिविधिले प्रश्रय पाइरहँदा एक्लो र शक्तिहीन मान्छे यो देशमा रहेर केही गर्न नसक्ने अवस्था आउन सक्नेतर्फ बेलैमा सजग हुनु पर्छ। यहाँ बसेर अब केही हुँदैन भन्ने बढ्दो भाष्यलाई यसले थप मलजल गरिरहेको छ। यिनै अदृश्य र मनोवैज्ञानिक त्रासले युवा पलायनलाई पेचिलो बनाइरहेको छ । विकासका योजना तर्जुमा र कार्यान्वयन गर्ने बेलामा कतै जनशक्तिको अभावमा केही गर्न नसकिने अवस्था त बन्दै छैन ? विद्यार्थीको अभावमा स्कुल, कलेज र विश्वविद्यालय खाली बन्ने अवस्था आएको छ। जुन गतिमा उच्च शिक्षा र रोजगारीको खोजीमा युवा पलायन भइरहेका छन्, यसले हाम्रा भौतिक संरचना र शैक्षिक जनशक्ति नै बेकम्मा हुने अवस्थातर्फ त उन्मुख भएका छैनौँ ? बेलैमा परिस्थितिको ठोस विश्लेषण गरेर तदनुरूपका कार्यक्रम ल्याउन जरुरी भइसकेको छ। प्रविधि र चेतनास्तरमा आएको विश्वव्यापी उभारले गर्दा आजको युवा एक ठाउँमा सीमित रहन सक्दैन । यो विश्वव्यापी भए पनि विकासशील मुलुकका लागि निकै चिन्ताको विषय बनेको छ । युवामा विकसित भइरहेको यस्तो विकर्षण हाम्रा लागि सबैभन्दा डरलाग्दो र निराशाजनक छ। आजको नेपाली युवाको मानसिकता परिवर्तन गराउन राज्य गम्भीर बन्नै पर्छ। देशमा तीन तहका सरकार छन् तर तीनै तहका सरकारका काम गर्ने शैली, योजना, कार्यक्रम, श्रमको उत्पादकत्व वृद्धि गर्ने योजनामा केन्द्रित छैनन् । श्रम र युवालाई जोडेर राष्ट्रिय उत्पादन वृद्धि गरी देशको अर्थतन्त्र मजबुद बनाउने तिनै तहका सरकारले नयाँ कार्यक्रम ल्याउन ढिला गर्नु हुन्न। निर्भर अर्थतन्त्रका लागि युवामा लगानी बढाउने भन्ने सोच राजनीतिक वृत्तबाट तत्काल आउनु पर्छ । विदेशमा गएर सिप र प्रविधि सिकेर आएका युवालाई प्रयोग गरेर देश समृद्ध बनाउन सकिन्छ भन्ने तर्फ नसोचिएकाले नै युवा पलायन बढ्दो छ। विभिन्न बहुर्राष्ट्रिय कम्पनीमा काम गरेका उच्च जनशक्तिको सिप र क्षमतालाई प्रयोग गरेर देश समृद्ध बनाउन सकिन्छ तर यसका लागि युवामा लगानी बढाउन जरुरी छ। विदेशमा गएर काम गर्नु नराम्रो भने पक्कै होइन तर कति समय अवधि सम्म विदेशमा काम गर्ने भनेर सरकारले समयसीमा तोकिदिनु पर्छ। त्यसपछि स्वदेश फर्केर त्यहाको सिप र प्रविधिलाई नेपाली माटोमा प्रयोग गरेर उपलब्धि हासिल गर्न सकिन्छ । हाम्रा शैक्षिक पाठ्यक्रम रोजगार सिर्जना गर्ने नभई पढिसकेपछि रोजगारी खोज्नुपर्ने खालका छन् । व्यावहारिक र प्रयोगात्मक शिक्षा नहुँदा परम्परागत र सैद्धान्तिक ज्ञानले मात्र जीवन निर्वाह नहुने भएको छ अनि जसोतसो उत्पादित जनशक्ति कि विदेश जाने कि त जागिर खोज्ने सोचमा लाग्न थाल्छन् । आफैँ उद्यम गर्ने सोचको विकास हुन सकेको छैन। जागिर खान पनि कसैले भनसुन गरिदिनपर्ने, शक्ति केन्द्र गुहार्नुपर्ने कुनै दल विशेषको आशीर्वाद लिनुपर्ने विवशता हाम्रो मुलुकमा छ। यो पनि पार नलागे विदेश पलायन हुनुपर्ने अवस्थाले मुलुकको समृद्धिको यात्रामा कतै ठेस त पुग्ने होइन। यसतर्फ राज्य बेलैमा सचेत हुनु आवश्यक छ। विगत केही दशकदेखि सार्वजनिक मिडिया र राजनीतिक बहसमा सामाजिक, राजनीतिक र आर्थिक विकासको रूपान्तरणकारी शक्तिका रूपमा युवालाई अघि सारिएको छ। राजनीतिक दलले भोट बैङ्कका रूपमा मात्रै युवालाई बुझे जस्तो लाग्छ । युवालाई भोट बैङ्क होइन, विकास निर्माणमा सारथि बनाउने नीति तथा कार्यक्रम ल्याउनु पर्छ । युवालाई देश निर्माणको अभियानमा लगाउने कार्यक्रम तिनै तहका सरकारले ल्याउन ढिला गर्नु हुन्न । युवा जनसंख्याका साझा समस्या शिक्षा, स्वास्थ्य, रोजगारी र वातावरणीय मुद्दाको एकमुष्ट सम्बोधन हुने नीति नबनुन्जेल पलायन रोक्न चुनौतीपूर्ण नै देखिन्छ। युवालाई देशमै रोक्न सरकारसँगै निजी क्षेत्रले पनि पहल गर्नु पर्छ । राज्यले ल्याउने हरेक कार्यक्रममा निजी क्षेत्रको सहयोग हुनु पर्छ। राज्यले पनि निजी क्षेत्रलाई सहज हुने खालका नीति ल्याउनु पर्छ। ऐन नियममा भएका वाधा अड्चन फुकाइदिनु पर्छ । निजी क्षेत्रको साथ र सहयोग लिएर मुलुकलाई औद्योगिकीकरणको मार्गमा लैजान राज्यको विशेष जिम्मेवारी हुन्छ । त्यो जिम्मेवारी पूरा गर्न सकियो भने युवा पलायनको क्रम केही मात्रामा भए पनि रोकिन सक्छ । यसको थालनी आजैबाट गरौँ । दुई ठुला दल सरकारमा रहेकाले नयाँ नीति र कार्यक्रम ल्याउन कोही कसैबाट बाधा अड्चन देखिँदैन । यो अवसरको सही सदुपयोग गर्न सके मुलुकले त्राण पाउने छ।

*–गोरखापत्र*

गाउँपालिका द्धारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

चंखेली गाउँपालिका
हुम्ला

# ठाकुरबाबा नपाले सेवाग्राहीलाई निःशुल्क अटो सेवा दिँदै

नमस्ते समचारदाता
बर्दिया, पुष/१५




बर्दियाको ठाकुरबाबा नगरपालिकाले आफ्नो नगरपालिकामा सेवा लिने आउने सेवाग्राहीहरुका लागि निःशुल्क अटोरिक्सा सेवा सुरु गरेको छ। नगरबासीहरूलाई सहुलियत दिने उद्देश्यले नगरपालिकाले निःशुल्क अटो रिक्सा सेवा सञ्चालन गरेको हो । नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम निःशुल्क सेवा प्रवाह गर्ने नीति लिएको थियो। नगरपालिकामा सेवा लिन आउने र सेवा लिएर फर्कने नागरिकहरूलाई भुरिगाउँ बजार सम्म निःशुल्क सेवा दिनेगरी सेवा सञ्चालन गरिएको नगर प्रमुख तिलकराम लम्सालले बताए। नगर प्रमुख खनालले भने, 'भुरिगाउँ बजारदेखि ठाकुरबाबा नगरपालिकाको कार्यालयसम्म निःशुल्क विद्युतीय अटो सेवा सुचारु गरिएको छ। उक्त अटोले हरेक दिन बिहान ९:४० बजेदेखि भुरिगाउँ बजारको मेनचोकसँगै रहेको प्रहरी बिट नजिकबाट सेवा सुचारु गर्नेछ। त्यहाँबाट पहिलोपटक सेवाग्राहीलाई लिएर नगरपालिका कार्यालय जानेछ। हरेक ३० मिनेटको फरकमा सेवाग्राहीलाई निरन्तर सेवा प्रवाह गर्नेछ। अहिले पनि नागरिकले नगरपालिकाबाट सेवा लिएर फर्किने बेला अटो रिक्सा कुर्नुपर्ने अवस्था छ। स्थानीय सरकारलाई नागरिक मैत्री बनाउने अभियान अनुसार सेवा सुरु भएको हो।' नगरपालिकाले आफ्नै अटो रिक्सा सञ्चालनमा आएपछि अबदेखि कुनै पनि नागरिकले पैदल हिँड्नु नपर्ने नगर प्रमुख लम्सालको भनाइ छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद ढकालले नगरबासीलाई लक्षित गरेर सेवाग्राहीको आवश्यकतालाई मध्यनजर गरेर सेवा सुरु गरिएको बताए। उनका अनुसार त्यसका लागि नगरपालिकाले विद्युतीय अटो रिक्सा खरिद गरेको छ। नागरिकलाई निःशुल्क सेवा दिने उद्देश्यले सञ्चालन गरिएको अटो नगरपालिकाले २ लाख ६५ हजार मूल्यमा खरिद गरेको हो। ढकालल भने, 'यहीं पुस ८ गतेदेखि सेवा सुरु भइसकेको छ। त्यसको रुट भुरीगाउँदेखि नगरपालिकासम्म मात्रै छ। ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा अन्यलाई प्राथमिकता दिइएको छ। समग्रमा नगरबासीले यसबाट लाभ लिनेछन्।' निःशुल्क अटो रिक्सा सेवा सञ्चालन गरेसँगै नगरपालिकाले एक जनालाई प्रत्यक्ष रोजगारी समेत प्रदान गरेको छ। रिक्सा चलाउनका लागि एक जना चालकलाई ज्यालादारीमा नियुक्त गरिएको छ। उनलाई बिदाको दिन बाहेक अन्य दिन ड्युटी गरेको आधारमा पारिश्रमिक नगरपालिकाले उपलब्ध गराउने बताए। नगरपालिकाले अटो रिक्साको चालक नियुक्त गरेका निपेश थारूले नगरबासीको सेवा गर्न पाउँदा आफूलाई खुसी लागेको बताउँछन्। उनका अनुसार नगरपालिकाले नागरिकको सेवाका लागि अवसर दिएको छ। नगरपालिकाले दिएको अवसरलाई राम्रोसँग निभाउने उनले बताए। उनी स्वयम् जीविकोपार्जनका लागि तीन वर्षदेखि अटो रिक्सा चलाउँदै आएका थिए।

# आमाहरुले बोकेरै अस्पताल पुऱ्याउँछन् गर्भवतीलाई

नमस्ते समचारदाता
प्यूठान, पुष/१५



शुक्रवार नौबहिनी गाउँपालिका-८ फोप्लीकी एक गर्भवतीलाई महिलाहरूले स्वास्थ्य संस्था पुऱ्याए। नौ बहिनी गाउँपालिका-८ कुर्भेनीकी गर्भवती महिलालाई स्टेचरमा बोकेर कुमारी पुनमगर नेतृत्वको उद्धार समूहले स्वास्थ्य संस्था पुऱ्याएको हो। करिब डेढ घण्टा हिँडेर स्वास्थ्य संस्था पुऱ्याएपछि गर्भवती महिलाको सुरक्षित रूपमा स्वास्थ्य संस्थामा प्रसूति भएको छ। स्वास्थ्य चौकीले गर्भवती महिलाको उद्धार तथा सहयोगका लागि टोल टोलमा आमा समूह गठन गरेको छ। वडाका ४५ टोलमा समूह गठन भएको स्वास्थ्य संस्था प्रमुख प्रकाश घिमिरेले बताउछन्। घिमिरेले भने, 'गाउँमा पुरुषहरूको उपस्थिति एकदमै कम छ। त्यसैले गर्भवती महिलाको उद्धार र सहयोगका लागि आमाहरुको उद्धार समूह बनाएका छौं।' ती समूहलाई स्ट्रेचर समेत प्रदान गरिएको छ। ३० ठाउँमा स्ट्रेचर उपलब्ध गराएको स्वास्थ्य चौकी प्रमुख घिमिरेले बताए। धेरै ठाउँमा यातायातको सुविधा नभएकाले प्रत्येक टोलमा उद्धार गर्नका लागि छ जनाको समूह बनाइएको उनले जानकारी गराए। समूहको सक्रियता बढ्दै गएको घिमिरेले खुशी व्यक्त गरे। गाउँमा अझै पनि घरमा सुत्केरी हुने अवस्था रहेकाले त्यसलाई नियन्त्रण गर्न यो अभियान थालिएको हो। जसले गर्दा घरमा हुने सुत्केरीको संख्या समेत कम हुँदै गएको स्वास्थ्य चौकीको तथ्याङ्क छ। आर्थिक वर्ष २०७९-०८० मा १३ जना घरमा सुत्केरी भएका थिए। आर्थिक वर्ष २०८०/०८१ मा ४६ जना सबैको स्वास्थ्य संस्थामै सुत्केरी गराइएको छ। यस आर्थिक वर्षमा पनि घरमा हुने सुत्केरी शून्य छ।

## बाँके...

यो पाँच महिनाको अवधिमा प्रहरीले ठूलोमात्रामा भन्सार छलिको सामान बरामद गरेको देखिन्छ। प्रहरीको तथ्यांक अनुसार अवैध भन्सार छलिको सामान बरामद गरी २ करोड ८४ लाख २४ हजार २ सय ३७ रुपैयाँ बराबरको राजश्व संकलन गरेको छ। त्यसमा प्रहरीले २ वटा जीप, २ वटा कार, ४ वटा मोटरसाईकल र ११ जना मानिस पक्राउ गरी सम्बन्धित निकाय पठाईएको पनि प्रहरीले जनाएको छ। ट्राफिक नियमको उल्लंघन गर्ने १३ हजार ४ सय ६४ वटा सावरी साधनलाई कारवाही गरिएको छ। प्रहरीले १ करोड १३ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन भएको जनाएको छ। प्रहरीले अबैध रुपमा भारतबाट ल्याईएका करिव ६ लाख ३० हजार मुल्य बराबरको ६ हजार ३सय वटा बोईलर कुखुराको चल्ला आवश्यक कारवाहीको लागि पशु क्वारेन्टाईन कार्यालय नेपालगन्जमा पठाईएको जनाएको छ।ती चल्ला नष्ट गरिएको थियो। अवैधरुपमा नदिजन्य पदार्थ उत्खनन् गर्ने दुईवटा टिप्पर र ७ वटा ट्र्याक्टरलाई नियनत्रणमा लिई सम्बन्धित निकायमा पठाईएको र १ लाख २६ हजार जरिवाना असुल उपर गरिएको डिएसपी जोशीले बताए। प्रहरीले अपराध नियन्त्रणका सवालमा मात्रै काम नगरेर समुदा प्रहरीसँगको सहकार्य र समन्वयमा सचेतनामुलक कार्यक्रमहरु गर्दै आएको जनाएको छ। लागु औषध, साइवर अपराध, मानव वेचविखन लगायतका विभिन्न विषयमा समुदायस्तरमा सचेतिकरण कार्यक्रमहरु गर्दै आएको पनि डिएसपी जोशीले बताए। उनले भने, 'समुदाय र प्रहरी सहकार्य अन्तर्गत मातहत सहित गरी २ सय ६२ वटा सचेतनामुलक कार्यक्रम मध्ये लागू औषध सम्बन्धि सचेतना २७ वटा, साइबर अपराध सचेतना ९ वटा, मानव बेचबिखन सम्बन्धि सचेतना ११ वटा, आत्महत्या रोकथाम सम्बन्धि २३ वटा, अल्पसंख्यकसंग प्रहरी ८ वटा, नागरिक सुनुवाई ७ वटा र चोरी सम्बन्धि सचेतनामुलक १६ वटा कार्यक्रम संचालन गरिएको छ। ट्राफिक सचेतना तर्फ ७ सय ८७ वटा सचेतनामुलक कार्यक्रम (लेन अनुशासन,जेब्रा क्रसिङ, ट्राफिक लाईट) संचालन गरिएको छ।' यो अवधिमा जिल्ला प्रहरी कार्यालयले आन्तरिक सुदृढीकरण प्रयास समेत गरेको जनाएको छ। उत्कृष्ट प्रहरी इकाई छनौट सम्बन्धि मापदण्ड तयार गरी उत्कृष्ट कार्य गर्ने प्रहरी कार्यालयलाई महिनाको उत्कृष्ट प्रहरी इकाई घोषणा गरि कदर पत्र प्रदान गर्ने गरिएको उनी बताउँछन्। जिल्ला प्रहरी कार्यालय बाँकेको बाटो मर्मत, रङ रोगन तथा कार्यालय परिसर मर्मत तथा सौन्दर्यीकरण गरि सेवाग्राही मैत्री वातावरण तयार गरिएको छ। नेपाल प्रहरी कार्य सम्पादन सम्भौता बमोजिम यस कार्यालयको आयोजनामा शसस्त्र प्रहरी बल ३० नं. गणको सहकार्यकमा संयुक्त भिड नियन्त्रण अभ्यास गरिएको छ। उत्कृष्ट कार्य गर्ने २८ जना प्रहरी कर्मचारीहरुलाई तिन पुस्तेमा जनिने गरी पुरस्कृत गरिएको र आचरण बिपरित कार्य गर्ने ३ जना प्रहरी कर्मचारीलाई कारवाही गरिएको पनि डिएसपी जोशीको भनाइ छ।

# सरकार ढल्छ भनेर अफवाह फैलाउनु गलत : महासचिव पोख्रेल

नमस्ते समचारदाता
दाङ, पुष/१५



नेकपा एमालेका महासचिव शङ्कर पोखेलले कसैलाई चित्त नबुझ्दैमा वर्तमान सरकार ढल्छ भनेर अफवाह फैलाउनु गलत भएको बताएका छन्। नेकपा एमाले प्रचार तथा प्रकाशन विभाग दाङले सोमबार घोराहीमा नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारी, केन्द्रीय पार्षद्, प्रदेश पार्षद् तथा सदस्यहरूलाई सम्मान एवं बधाई ज्ञापन कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव पोखेलले निश्चित उद्देश्य पूरा गर्नका लागि बनेको वर्तमान गठबन्धनको सरकार नढल्ने बताएका हुन। पोखेलले सरकारमा सहभागी दुई प्रमुख पार्टी काँग्रेस र एमालेलाई असफल हुने छुट नरहेको बताए। अस्थिरताको हौवाबाट तर्सिनुपर्ने अवस्था नरहेको भन्दै महासचिव पोखेलले सरकारमा रहेका दुई दल चुनौतीको सामना गर्ने गरी गतिलो गृहकार्य गरेर अघि बढिरहेको बताए। पोखेलले भने, 'संकट समाधान गर्न संवेदनशील छन्। संविधान कार्यान्वयनको एक दशकको समीक्षा गरेर अधिकतम सहमतिको आधारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउँछौं।' सरकारले लगानीको वातावरण निर्माण गर्ने गरी भूमिका बढाएको बताउँदै लगानी गर्न नडराउन समेत लगानीकर्तालाई आग्रह समेत गरे। महासचिव पोखेलले एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा रहेको वर्तमान सरकारले धेरै क्षेत्रमा सुधार गर्न सफल भएको बताउदै उनले दाबी गरे, 'विगतको तुलनामा अहिले धेरै सुधार भएको छ। विगतमा भन्दा १७ प्रतिशतले राजश्व सङ्कलन बढेको हो। पुँजीगत खर्च बढेको छ। दुई महिना भित्र सबै भुक्तानीको दायित्व तिर्नुपर्ने बाटोमा सरकार जादै छ। मौद्रिक तरलतालाई व्यवस्थित गर्नुपर्ने छ।' पोखेलले अझै परिस्थिति परिपक्व नहुँदासम्म संविधान संशोधनको काम अघि नबढ्ने बताए। विगतमा जुन अवस्था रह्यो। त्यस्तो अवस्था आउन नदिने गरी संविधान संशोधनको प्रक्रिया अघि बढाउछौं, महासचिव पोखेलले भने। तीन तहका सरकारको कामलाई प्रभावकारी बनाउने गरी संरचना सुधार, अधिकारमा स्पष्टता र कानुन सुधार गरेर जान सक्ने बारेमा समेत गृहकार्य गरिरहेका छौं। यस्तै नयाँ भन्ने बित्तिकै विकल्प हुन नसक्ने भन्दै महासचिव पोखेलले राजनीति घाम छाँया नरहेको स्पष्ट पारे। महासचिव पोखेलले संस्थागत पत्रकारिता कमजोर हुँदा सामाजिक सञ्जाललाई पत्रकारिता मान्ने जमात बढ्न थालेको प्रति चिन्ता व्यक्त गरे। संस्थागत पत्रकारिता कमजोर हुँदा अराजकता र स्वच्छन्दतावाद हाबी बढेको भन्दै महासचिव पोखेलले भन, 'तथ्यहिन, भ्रामक र नियोजित चिज बढी खोजिन थाल्यो। संस्थागत पत्रकारितालाई बलियो बनाउने गरी नयाँ बहस सुरु गर्नुपर्छ। सोसल मिडिया चलाएर पत्रकार भन्ने गलत अभ्यास हुनु हुँदैन, यो राम्रो होइन।'

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
महावै गाउँपालिका
कालिकोट

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबे तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भिते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
…लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# भूकम्पपीडितको त्रासको बास

नमस्ते समचारदाता
जाजरकोट, पुष/१५



जाजरकोटका भूकम्पपीडित चर्किएका घरमा डरमै बस्न बाध्य छन् । पुनर्निर्माणको कामले गति लिन नसकेपछि पीडित चर्किएका घरमा डरत्रासमै बस्न बाध्य भएका हुन् । गत वर्ष कात्तिक १७ गते गएको भूकम्पबाट जनधनको क्षति बेहोरेका पीडितले निजी घर निर्माण गर्न नसकेपछि चर्किएका घरमै बसेका छन् । घर क्षतिग्रस्त भएपछि आवासविहीनहरू टहर ामुनि बसेको एक वर्ष बित्दा पनि सरकारले पुनर्निर्माणको काम अघि बढाउन नसक्दा कोही ऋणको भारी बोकेर बास बनाउन थालेका छन् भने कोही जीर्ण घरमै बस्न थालेका छन् । भेरी नगर पालिका-१३ का कुमार गिरीका अनुसार सरकारले भूकम्पपीडितका लागि घोषणा गरेको रकम आउला र घर बनाउँला भनेर अस्थायी टहरामा बसे पनि रकम नआएपछि टहरामै बस्नु परेको छ । सरकारले भूकम्पपीडितका लागि अस्थायी आवास निर्माण गर्न दिने भनेको दोस्रो किस्ता स्थानीय तहले झन्झटिलो प्रक्रिया बनाएपछि आवासको पर्खाइमा बस्दा १४ महिना बितेको र दोस्रो किस्ताको रकम पाउन पनि मुस्किल भएको उहाँले बताउनुभयो । सरकारले घर बनाइदेला र बसौँला भन्दै १४ महिला बित्यो भन्दै उहाँले पुनर्निर्माणको काम सुरु नभएपछि श्रम रोजगारीबाट जीविकोपार्जन गरे पनि ऋण काढेर घर बनाउन थालेको जनाउनुभयो । अस्थायी टहराको बासमा दैनिक जीवन गुजारा गर्न तथा चिसो बढ्दै गएपछि सकस हुन थालेको उहाँको भनाइ छ । भेरी नगरपालिका-३ का हिटलरसिंह राठौरले सरकारबाट सहयोग पाएपछि बास बनाउँला भन्दै एक वर्ष बितेको र पुनर्निर्माणको काम थालनी हुन नसकेकोमा आक्रोश पोख्नुभयो । गत पुस ११ गते फेरि बारेकोटको नायकबाडा केन्द्रविन्दु भएर ४.२ म्याग्निच्युटको भूकम्पले केही घरमा थप क्षति गरेको छ । अस्थायी टहरामा चिसोले बस्न नसकेका सर्वसाधारण भूकम्पले चर्किएका घरमा फेरि भूकम्प आउँछ कि भन्ने चिन्ताले रातभर जाग्राम बस्ने गरेका छन् । मङ्सिर, पुस महिनामा भूकम्पले धक्का दिन थालेपछि पीडित थप चिन्तित भएका छन् । पटक पटकको भूकम्पको पराकम्पले वृद्धवृद्धा, सुत्केरी, बालबालिका, अपाङ्गता भएका एवं विपन्न परिवार थप समस्यामा परेका छन् । भेरी नगरपालिका-४ का कैलाशसिंह खत्रीले डरत्रासमै चर्किएको घरमा बस्नु परेको भन्दै सरकारले जति सक्यो छिटो पुनर्निर्माणको कामलाई गति दिन माग गर्नुभयो । चर्किएका घरमा बस्दा थप दुर्घटना आउन सक्ने भन्दै उहाँले सरकारले दोस्रो किस्ताको रकम छिटो वितरण गर्न आग्रह गर्नुभयो । अस्थायी आवासमा बस्न सम्भव नभएपछि अहिले कोही भारततर्फ लागेका छन् भने कोही ऋण काढेर धमाधम घर बनाउन लागेका छन् ।

# लालपुर्जाको प्रतीक्षामै बित्यो चार दशक

नमस्ते समचारदाता
धनगढी, पुष/१५



करण नेपाली डोटीबाट तराई झरेको ४२ वर्ष पुग्यो । कैलाली जिल्लाको कैलारी गाउँपालिका-४ मा उहाँको साढे दुई कठ्ठा जमिन छ तर त्यसको लालपुर्जा छैन । "जग्गाको लालपुर्जा पाउने आसमा चार दशक बितिसक्यो," उहाँले भन्नुभयो, "अहिलेसम्म पाइएको छैन । वडामा जग्गाको तिरो मात्रै तिर्नु पर्छ ।" जग्गाको लालपुर्जा नहुँदा करणले कतैबाट ऋण पाउने वा जग्गा धितो राखेर कुनै व्यवसाय गर्ने बाटो रहेन । बाध्य भएर उहाँ मुग्लानतिर धाउनु परेको छ । "यहाँ केही सिप नचलेपछि सपरिवार कामको खोजीमा मुम्बई लाग्यौँ," आफन्त बितेपछि काजकिरियामा आएका नेपालीले भन्नुभयो, "अचेल उतै काम गर्ने गरेको छु । लालपुर्जा भए ऋण सापटी लिएर यहीँ केही गर्न सकिन्थ्यो कि ।" करण नेपाली जस्तै कैयौँ दशकदेखि केगाउँमा बसिरहेका धेरै परिवार लालपुर्जाविहीन छन् । २०३९ सालमा पुनर्बास कम्पनीले त्यहाँ केही परिवारलाई जग्गा दिएको थियो । त्यसबेलादेखि बसिरहेका झन्डै ३६ परिवारले हालसम्म जग्गाको लालपुर्जा पाएका छैनन् । उनीहरूको दुईदेखि चार कठ्ठासम्म जमिन छ तर लालपुर्जा छैन । त्यो जग्गा उपभोग गर्दै आएको चार दशकभन्दा बढी भइसकेको छ । जग्गाको लालपुर्जा नहुँदा धेरै कठिनाइ भोग्नु परिरहेको कृष्णा नेपालीले बताउनुभयो । "जग्गाको पुर्जा छैन । बैङ्कबाट ऋण पाइँदैन," उहाँले भन्नुभयो, "बालबच्चा पढाउनदेखि लिएर गुजाराका लागि श्रीमतीसहित बैकाल (पुरुष) मजदुरी गर्न भारततिर जानु परेको छ ।" जग्गाको लालपुर्जा नपाउनेमा सबै दलित नै रहेको स्थानीय चन्द्र सोडारीले बताउनुभयो । उहाँका अनुसार पुनर्बास कार्यक्रममार्फत बसेका ८४ परिवारले त्यसबेलै जग्गाको लालपुर्जा पाए । बाँकी परिवार अहिलेसम्म लालपुर्जाविहीन छन् । "पहाडबाट यिनीहरू लखेटिएर यहाँ आएका हुन्," सोडारीले भन्नुभयो, "यता आउँदा पनि केही ठेगान छैन । अलि अलि जग्गा बनाएका छन् तर लालपुर्जा छैन । भारतमा मजदुरी गरेर गुजारा चलाउनु परेको छ ।" लामो समयदेखि ऐलानी जग्गा उपभोग गर्दै आएका भूमिहीन, दलित, अव्यवस्थित बसोबासीलाई जग्गाको लालपुर्जा दिनका लागि सो पालिकामा निस्सा वितरणको कार्य अढाई वर्षअगाडि नै सुरु गरिएको थियो । वडा नम्बर ४ मा भने निस्सा वितरण हुन बाँकी रहेको जनाइएको छ ।

# मर्मत भएन खच्चड फसेको पुल

नमस्ते समचारदाता
दैलेख, पुष/१५



सात महिनाअघि पुलको लट्ठा चुँडिएर खच्चड फसेको कर्णाली नदीको झोलुङ्गे पुल अझै मर्मत हुन सकेको छैन । पुल मर्मत नहुँदा स्थानीय जोखिमपूर्ण अवस्थाबाट ओहोर दोहोर गर्न बाध्य भएका छन् । अछामको पञ्चदेवल विनायक नगरपालिका-९ र दैलेखको आठबिस नगर पालिका-४, खिड्कीजिउला जोड्ने कर्णाली नदीमाथिको झोलुङ्गे पुलमा गत जेठ २७ गते १४ वटा खच्चड पुलको लट्ठा चुँडिएर फसेका थिए । पुलमा फसेका १४ वटा खच्चडको छ घण्टापछि स्थानीय र प्रहरीको सहयोगमा उद्धार गरिएको थियो । एउटा खच्चडको पुलमै र अर्को एकको नदीमा खसेर मृत्यु भएको थियो । त्यतिबेला तत्काल उक्त पुल मर्मत गर्ने वाचा गरेको भए पनि अहिलेसम्म कुनै पनि निकायले पुल मर्मत गरेका छैनन् । जसले गर्दा स्थानीयलाई निकै गाह्रो भएको आठबिस नगरपालिका-४ का भरत साउदले जानकारी दिनुभयो । उहाँले झन्डै दुई दशकअघि बनेको उक्त पुलको नियमित मर्मत नहुँदा जीर्ण बनेको बताउनुभयो । उहाँले पुलका लट्ठा चुँडिएर समयमा मर्मत नहुँदा खच्चड अड्केको उल्लेख गर्दै अहिलेसम्म पनि त्यसको मर्मत हुन नसकेको बताउनुभयो । झन् जीर्ण बने पनि मर्मत गर्न कसैको ध्यान नगएको खिड्कीजिउलाका बासिन्दा गणेश शाहीले बताउनुभयो ।

अछाम जिल्लाको पञ्चदेवल विनायक नगरपालिका-९ बाट ५० जना बालबालिका दैलेखको आठबिस नगरपालिका-४ मा रहेको न्यु भेरी कर्णाली मोडल स्कुलमा पढ्न आउने गरेका छन् । दैलेखको आठबिस नगरपालिका-४ बाट अछामको पञ्चदेवल विनायक नगरपालिका-९ मा रहेको चण्डिका माध्यमिक विद्यालयमा अध्ययन गर्न ११५ जना बालबालिका आवतजावत गर्ने पुल जीर्ण हुँदा बालबालिकाको पढाइमा समेत समस्या भएको भरत साउदले बताउनुभयो । उहाँले भन्नुभयो, "जीर्ण भएको पुलनजिकै अर्को पुल भएका कारण आवतजावतमा समस्या नभए पनि छोटो दुरी भएकै कारण जीर्ण पुलबाट आवतजावत हुने गरेको छ ।" आठबिस नगरपालिका-४ का अम्मर माझीले खिड्कीजिउला नजिकै अर्को झोलुङ्गे पुल भए पनि त्यसको नजिकै नैनेल देवताको मन्दिर रहेकाले सुत्केरी तथा छाउ (महिनावारी) भएका पनि त्यहाँबाट आवतजावत गर्न समस्या भएको बताउनुभयो । उहाँले भन्नुभयो, "महिनावारी भएकाले जोखिमपूर्ण पुल तर्नुपर्ने बाध्यता रहेको छ ।" अछाम जिल्लाबाट विद्यालयमा पढाउने शिक्षिकासमेत त्यही देवताको डरले आउन समस्या हुने भएपछि विद्यालय नै छोडेको जानकारी उहाँले दिनुभयो । उहाँले विद्यालय आउने जाने छात्राले पनि महिनावारी हुँदा यही जीर्ण पुल प्रयोग गरेर विद्यालय जानुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सुत्केरी तथा छाउ भएका त तलबाट जाँदैन थिए, अरूलाई पनि टाढा भएकाले धेरैले यही जीर्ण पुल प्रयोग गर्छन् ।" अछाम पञ्चदेवल विनायक नगरपालिका-९ का वडाध्यक्ष रामप्रसाद जैसीले पुल निर्माणका लागि विभिन्न निकायमा समन्वय गरेको भए पनि अहिलेसम्म पुल निर्माण हुन नसकेको बताउनुभयो । उहाँले नगरपालिकामा पुल निर्माण गर्ने जनशक्ति नभएका कारण नयाँ पुल निर्माणका लागि डिपिआर तयार गर्न नगरपालिकाले स्वीकृत प्रदान गरेको र डिपिआर पछि पुल बन्ने बताउनुभयो । दैलेख जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद कोइरालाले खच्चड फसेर जीर्ण भएको पुल निर्माणका लागि सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरे पनि त्यसको कार्यान्वयन नभएको बताउनुभयो । उहाँले पुनः सरोकारवाला निकायलाई बोलाएर पुल निर्माणका लागि पहल गर्ने आश्वासन दिनुभयो ।

# भोकमरीसँग जुध्दै वृद्ध दम्पती

नमस्ते समचारदाता
बैतडी, पुष/१५



*'पाक्यो फल चरीले खायो,*
*काँचो फल रुखै छ*
*जाँसम्म परानी चल्छ, वाँसम्म*
*दुःखै छ'*

सडक किनारमा रहेको एउटा सानो छाप्रोमाथि फाटेका जडौरा लुगा छन् । चिसो भुइँमा यिनै टालाटुली बिछ्याएर भोकै रात काट्न विवश छन् एक अपाङ्ग वृद्ध दम्पती र छोरी । माथिको देउडाको हरफ पाटन नगरपालिका-४, जेउडेको दलित बस्तीका धने लावडको परिवारसँग ठ्याक्कै मेल खान्छ । पुसको चिसो सिरेटो र झरीले जेउडेको लेक धुम्म परेको छ । खानेपानीको धारा, बिजुली र शौचालय त परको कुरा छाप्रोभित्र छाक टार्ने अन्नको गेडो नहुँदा धने लावडको मन पनि गुम्सिएको छ । मनको बह पोख्ने आफन्त कोही छैनन् । "भाग्यले जे दियो, त्यही खानु छ," सिस्नोमा मकैको पिठो घोलेर छाक टार्दै आएको ६९ वर्षीय वृद्ध धने लावडले भन्नुभयो । छाप्रोमा बत्ती, पानीको धारा र शौचालय छैन । अपाङ्ग श्रीमतीलाई शौच गराउन बोकेर जङ्गलतिर लैजाने पीडा पनि उहाँसँग छ । लावड दम्पती आफूलाई केही भए छोरीको भविष्य के होला ? भन्ने चिन्तामा डुबेका छन् । अपाङ्ग श्रीमती र कक्षा ८ मा पढ्ने छोरीको भविष्य यिनै वृद्धको काँधमा छ । बिजुलीबत्ती नहुँदा रातबिरात छोरीलाई शौचालय जान समस्या हुने गरेको परिवारको गुनासो छ । वृद्ध दम्पती बेला बेला बिरामी भइरहन्छन् । चिसोले दम बढेपछि अस्पताल जाने खर्च नहुँदा उहाँहरू आँगनमा टोलाएर बस्नुभएको छ । वडा र नगरपालिकामा पहुँच नपुग्दा सरकारले दिने जनता आवास कार्यक्रमको सूचीमा पर्न नसकेको बालिकाकी अपाङ्ग आमा रोहिणी लावडले गुनासो गर्नुभयो । बिरामी दम्पतीको घरमा खाने अन्न नभएको खबर पाएपछि छिमेकी मानबहादुर चन्दले आइतबार चामल सङ्कलन गरेर सहयोग गर्नुभएको छ । उहाँले वृद्धलाई स्वास्थ्य चौकी जानसमेत सहयोग पुऱ्याउनुभएको छ । सिस्नोमा मकैको पिठो घोलेर खाँदै गरेको दृश्यले आँसु थाम्न नसकेपछि चामलको जोहो गरिदिएको चन्दले बताउनुभयो । "भाग्यमै यस्तै लेखिएको रहेछ," आइतबार स्वास्थ्य चौकीबाट फर्किँदै गर्नुभएका बिरामी वृद्ध धने लावडले सुस्केरा हाल्दै भन्नुभयो, "बाबुसाहेबले चामल ल्याइदिएपछि आज चुलो बलेको छ । छोरी र अपाङ्ग श्रीमतीले धेरै दिनपछि भात खान पाएका छन् ।" स्वास्थ्य परीक्षण गर्न स्थानीय भुमेश्वर स्वास्थ्य चौकी पुगेका धनेलाई स्वास्थ्यकर्मीले चिसोका कारण ज्वरो आएकाले न्यानोमा बस्न सुझाव दिँदै सिटामोल खान दिएका छन् । हिजोअस्ति भएको हिउँदे बर्सातले छत चुहिएकाले कोठाको भुइँ चिसो भएको धनेले पीडा सुनाउनुभयो । भिजेको छाप्रोको भुइँमा सल्ली पिरोल ओछ्याएर त्यसैमाथि फाटेका पुराना कपडा ओछ्याएर रात काट्ने गरेको धनेकी अपाङ्ग श्रीमती रोहिणी लावडले बताउनुभयो ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके